दैनिक
# संगम खबर

वर्ष :- ०६, अंक:- १०८, २०८२ चैत्र१६ गते,सोमवार/ Monday 30 March 2026 पृष्ठ:-४, मूल्य २५ रुपैयाँ

sangamkhabar.com

# ‘पूर्वयोजना अनुसार इनिशाको सामूहिक बलात्कारपछि मृत्यु’

**सुर्खेत, चैत्र १५।** बलात्कारपछि हत्या गरिएको भनिएकी सुर्खेतकी १६ वर्षीया इनिशा विकको घटना अदालत प्रवेश गरेको छ । यसअघि चैत ११ गते सुर्खेत प्रहरीले घटनाको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस गरेको थियो । सरकारी वकिल कार्यालयले आइतबार सरकारी वकिलको कार्यालयले आइतबार जिल्ला अदालत सुर्खेतमा अभियोग पत्र दायर गरेको छ । उक्त अभियोग पत्रले अनुसन्धानलाई नयाँ मोडतर्फ लिएको छ । यसअघि प्रहरीले इनिशाको सामूहिक नभएर एकल करणी भएको र सोही कारण मृत्यू भएको निष्कर्ष निकालेको थियो ।



इनिशाका प्रेमी भन्ने १६ वर्षीय किशोर ले जबरजस्ती करणी गर्दा संवेदनशील अङ्ग च्यातिएको र अत्यधिक रक्तश्राव हुँदा मृत्यु भएको निष्कर्षमा प्रहरी पुगेको थियो। प्रहरीले उनी विरुद्ध जबरजस्ती करणी र कर्तव्य ज्यान सम्बन्धी मुद्दा कसुरमा जन्मकैदको मागसहित आफ्नो अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस गरेको थियो ।

यद्यपि, आइतबार सरकारी वकिल कार्यालयले जिल्ला अदालतमा दायर गरिएको अभियोग पत्रमा भने सामूहिक बलात्कार भएको दाबी गरिएको छ । गुर्भाकोट नगरपालिका-६ बडाखोली स्थायी घर भएकी १६ वर्षकी इनिशा वीरेन्द्रनगर नगरपालिका-१ मा परिवार का साथ बस्दै आएकी थिइन् ।

रुफागुन २३ गते शनिबार बिहान ६ बजे नै ट्युसन पढ्न जाने भन्दै घर बाट निस्किएकी उनी बिहान ९ बजेतिर वीरेन्द्रनगर नगरपालिका-४ को उत्तर तर्फ पर्ने जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा भेटिएकी थिइन् ।

रुप्रहरीले उनलाई प्रदेश अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए । सोही दिन प्रहरीले घटनास्थलबाट नै ती १६ वर्षे नाबालकलाई नियन्त्रणमा लिएको थियो । रुरुभेरी अस्पताल बाँकेका फरेन्सिक विशेषज्ञ डा. अर्विन शाक्यको टोलीले प्रदेश अस्पताल सुर्खेतमा पुगेर गरेको पोस्टमार्टम रिपोर्टमा जबरजस्ती करणी गर्दा मृतकको संवेदनशील अङ्ग च्यातिएको र अत्यधिक रक्तश्राव हुँदा मृत्यु भएको बताएको थियो ।

रुइनिशाका परिवार तथा आफन्तहरूले सामूहिक बलात्कारपछि हत्या भएको भन्दै फागुन २४ गते अन्य तीनको नाममा निवेदन दिए। प्रहरीले ती तीन जना नाबालकलाई सोही दिन पक्राउ गऱ्यो । उनीहरू पनि सबै नाबालक नै हुन् । मुख्य अभियुक्त भनिएका किशोर ले बयानका क्रममा इनिशा बेहोस भएपछि अस्पताल लैजान अन्य तीन जनालाई सहयोगका लागि बोलाएको बताएका थिए । रुयद्यपि प्रहरीले उनीहरूविरुद्ध जबरजस्ती करणी नगरेको तर, ज्यान सम्बन्धी कसुरमा मुद्दा चलाउने गरी प्रतिवेदन तयार गरेको थियो । तर सरकारी वकिल कार्यालयले उनीहरूलाई समेत जोडेर ‘सामुहिक जबरजस्ती करणी गरी ज्यान मारेको (कर्तव्य ज्यान’ दाबी गरेको छ ।

**‘पूर्वयोजना अनुसार नै सामूहिक बलात्कार’**

सरकारी वकिलको कार्यालयले यो घटना पूर्वयोजना अनुसार, नै भएको बताएको छ । प्रहरीले आफन्त, पक्राउ परेका चारै जना अभियुक्त, इनिशा अध्ययनरत उषा बालबाटिका स्कुलका शिक्षकदेखि सामुदायिक वनका पालेसम्मलाई सोधपुध गरेको थियो ।

सरकारी वकिलको कार्यालयले जिल्ला प्रहरी कार्यालयबाट अनुसन्धान कार्य सम्पन्न भई अनुसन्धान प्रतिवेदन, संलग्न जाहेरी दरखास्त, घटनास्थल/लासजाँच मुचुल्का, कानूनको विवादमा परेका बालकहरूको सोधपुछ कागज, अनुसन्धानको क्रममा बुझिएका मानिसहरूको घटना विवरण कागज, इनिशाको शव परीक्षण प्रतिवेदन, सिसिटिभि फुटेज, केन्द्रीय अनुसन्धान ब्यूरोको प्रतिवेदन समेतका आधार प्रमाणहरूबाट उनीहरूले यूर्वयोजना अनुसार, नै सामुहिक बलात्कारगरी हत्या भंएको निष्कर्ष निकालेको छ ।

भौतिक प्रमाणहरू, कण्डम, रगत, पोस्टमार्टम रिपोर्टको गम्भीर चोट र डिजिटल प्रमाण (मोबाइल लोकेसन र मेसेज) लाई एकसाथ जोडेर सरकारी वकिलले यो घटनालाई सामूहिक बलात्कार र हत्याको रूपमा अदालतमा पेस गरेको छ । अभियोग पत्रमा भनिएको छ, ‘उनीहरूले आपसमा योजना बनाएर मुख्य अभियुक्त अर्थात् इनिशाका प्रेमी भनिएका १६ वर्षे नाबालकलाई प्रयोग गरेर इनिशालाई प्रेमको जालमा पार्न लगाएका थिए ।’ घटनाको दिन फागुन २३ गते पनि उनीहरूले योजनाबद्ध रूपमा पीडितलाई जनजागरण सामुदायिक वनमा पुऱ्याएको पनि अभियोग पत्रमा उल्लेख छ ।

अभियोग पत्रमा थप भनिएको छ, ‘घटना दिन विहान जनजागरण सामुदायिक वनको जंगलमा लिई त्यहाँ पुगेपछि प्रेमी भनिएका नाबालकले आफ्ना साथीहरू (अन्य ३ नाबालक)लाई फोन गरी बोलाई सबै जना बालकहरू मिलि मृतकलाई सामुहिक रुपमा जबरजस्ती करणी भएको छ।’ उक्त जबरजस्ती करणीका कारण इनिशाको योनीबाट अत्यधिक र क्तश्राव भएको पत्रमा उल्लेख छ ।

‘सोही कारणले इनिशाको मृत्यु भएको देखिँदा जबरजस्ती करणी गरी ज्यान मारेको (कर्तव्य ज्यान) मुद्दाको वारदात स्थापित हुन आयो,’पत्रमा भनिएको छ । नाबालकहरू र इनिशा सबै वीर ेन्द्रनगरको उषा बालबाटीका स्कुलमा पढ्थे । इनिशाकी आमाले बयानमा ती नाबालकहरू आफ्नो छोरीको साथी भएकाले कहिलेकाहीँ आफ्नो घर आउने गरेको समेत बताएकी थिइन् । घटनाको दिन बिहान ७ बजेतिर पनि इनिशा घरमै भएको अवस्थामा घर आएको उनले भनेकी छिन् ।

‘उनीहरू मेरो घरमा आई मेरो नाबालक छोरीलाई आज स्कुलमा प्रयोगात्मक परीक्षा छ, हामी तिमीलाई (इनिशा) लिन आएका छौं भनेर साथमा लिएका थिए,’ इनिशाकी आमाले भनेकी छिन्, ‘मैले साथीहरूसँग छारी स्कुलमा गएकी होलिन भनेर सोचेकोमा ९:३० बजेको समयमा जनजागरण सामुदायिक वनका चौकीदारले छोरीको मृत शव देखेका रहेछन् ।’

त्यसपछि उनै चौकीदारले प्रहरीलाई खबर गरेका थिए । त्यसपछि जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट प्रहरी त्यहाँ पुगेको थियो गाउँलेहरू पनि त्यहाँ पुगे । सबैले शव हेर्दा आफ्नो छोरीको भएको थाहा पाएपछि आफुलाई जानकारी गर ाइएको इनिशाकी आमाले बताएकी छन् । आफु घटनास्थलमा गएर हेर्दा इनिशाको मृत शवलाई माथिबाट कालो जेन्स जकेटले ढाकिएको, लगाएका कपडा जीउबाट खोलिएको, लगाएको जुत्ता तथा मोजा इनिशाकै मृत शव र हेको स्थान नजिक छरिएको, छात्ति, ढाड, हात खुट्टा लगायतका शरीरका अंगमा निलडाम रहेको र जीउभरी रगत लागेको आफुले देखेको उनले बताएको कुरालाई सरकारी वकिलको कार्यालयले बलियो बयानका रुपमा व्याख्या गरेको छ ।

इनिशाकी आमाले यही घटनाक्रमलाई जोडेर आफ्नी छोरीमाथि सामुहिक बलात्कार भएर ज्यान लिएको भन्दै बालकहरूलाई कारबाही गरीपाउँ भन्दै जाहेरी दिएकी थिइन् । अभियोग पत्र **बाँकी पेज नं. ४ मा**




# राजदेवी मेयर कपमा वडा नं ६ विजयी

**रौतहट, १५ चैत ॥** रौतहटको राजदेवी नगरपालिकाद्वारा आयोजित ‘मेयर कप २०८२’ अन्तर्गत आज सम्पन्न खेलहरूमा वडा नं ९ र वडा नं ६ विजयी भएका छन् ।



आजको पहिलो भएको खेल वडा नं ७ र वडा नं ९ बीच प्रतिस्पर्धा भएको थियो । टस जितेर पहिले ब्याटिङ रोजेको वडा नं ९ ले निर्धारित ओभर मा सन्तोषजनक स्कोर खडा गरेको थियो। जवाफी पारीमा उत्रिएको वडा नं ७ को टोली भने दबाबमा देखियो र १८औं ओभरमै सबै विकेट गुमाउँदै लक्ष्य भेट्न असफल रह्यो ।

यससँगै वडा नं ९ ले सहज जित दर्ता गऱ्यो। दोस्रो खेल वडा नं ८ र वडा नं ६ बीच खेलिएको थियो। पहिले ब्याटिङ गरेको वडा नं ६ ले २० ओभरमा सबै विकेट गुमाउँदै १३९ रनको मध्यम लक्ष्य प्रस्तुत गऱ्यो । १४० रनको लक्ष्य पछ्याएको वडा नं ८ ले सुरुवात राम्रो गरे पनि अन्त्यसम्म लय कायम राख्न सकेन । १९औं ओभरमा सबै विकेट गुमाउँदै १३५ रनमै समेटिएपछि वडा नं ६ ले रोमाञ्चक जित हात पार्यो । प्रतियोगिताअन्तर्गत आगामी खेलहरू पनि उत्तिकै प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको छ ।

# चोरीको मोटरसाइकल सहितका समाचन भन्सार चलान

**राकेश यादव**

**रौतहट । चैत्र १५॥** रौतहट जिल्लाको बिभिन्न ठाउबाट चेकजाच गर्ने क्रममा पक्राउ परेका चोरीका २० मोटर साइकल सहित बरामद गरिएका इलेक्ट्रोनिक समान भन्सार चलान गरिएको छ।



जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरी टोलीले जिल्ला रौतहट गौर न.पा. वडा नं.५ स्थितमा विभिन्न सवारी साधनहरुलाई रोकी चेक जाँच गर्दा खाध्यान्न तथा ईलेक्ट्रोनिक्स सर-सामानहरु भन्सार छली चोरी पैठारी गरि नेपाल तर्फ ल्याउँदै गरेको अवस्थामा अं. मूल्य रु.सडसठी हजार आठ सय नव्वे बरावरको समान बरामद गरिएको प्रहरी नायब उपरिक्षक बिष्णु प्रदिप बस्यालले जानकारी दिएका छन्।

विभिन्न मिति र समयमा यस जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहत समेतबाट खटिएको प्रहरी चेकिङ्ग टोलीले विभिन्न स्थानहरुबाट नियन्त्रणमा लिई अनुसन्धानमा रहेका कागज पत्र नभएका अबैध २० थान मोटरसाईकलको अं. मूल्य एघार लाख दश हजार) समेत गरी कुल मूल्य रु.११,७७,८९०।- (एघार लाख सतहत्तर हजार आठ सय नब्बे) बरावरको अबैध सामानहरु आवश्यक कारवाहीको लागि गौर भन्सार कार्यालय रौतहटमा बुझाईएको प्रहरीले जनाएको छ ।

सुमित्रा मिडिया प्रा.लि. गौर रौतहटद्वारा प्रकाशित सगम खबर दैनिक पत्रिकाको लागि
सम्पादक :- दिनेश यादव उर्फ संगम
कम्प्यूटर लेआउट :- राहुल कुमार पाण्डेय
कार्यालय :- गौर नगरपालिका-२ रौतहट, नेपाल
मोवाईल नं. :- ९८५५०४५९१९, ९८०९२४५९१९
इमेल :- sangamkhabar@gmail.com,
वेवसाईट:- www.sangamkhabar.com
मुद्रक :- हेमा पब्लीकेशन प्र.लि. गौर, रौतहट

# सम्पादकीय ............

## बालेन सरकारको दिशा कता तिर?

नेपालको राजनीतिक वृत्तमा पछिल्लो समय एउटा नयाँ बहस जन्मिएको छ–के नयाँ नेतृत्वले पुरानो शैली तोड्न सक्छ ? यही सन्दर्भमा नवनियुक्त प्रधानमन्त्रीका रूपमा बालेन्द्र शाह को उदयलाई धेरैले आशा र प्रयोगको रूपमा हेरेका छन्। तर, सत्तामा पुगेपछि अब मुख्य प्रश्न उभिएको छ–उनको सरकारको दिशा कता तिर जाँदैछ?

स्वतन्त्र छविका कारण लोकप्रियता कमाएका बालेन्द्र शाहले सहर व्यवस्थापनमा देखाएको सक्रियता र दृढता अब राष्ट्रिय स्तरमा परीक्षणको चरणमा छ। स्थानीय तहमा देखिएको 'एक्सन-ओरिएन्टेड' शैली के संघीय सरकार सञ्चालनमा पनि लागू हुन्छ? वा, संघीय राजनीति जस्तो जटिल संरचनामा उनले नयाँ सन्तुलन खोज्नुपर्ने हुन्छ?

नेपाल जस्तो विविधतायुक्त र राजनीतिक रूपमा संवेदनशील देशमा प्रधानमन्त्रीको भूमिका केवल निर्णय गर्ने मात्र होइन, समन्वय गर्ने, सहमति निर्माण गर्ने र संस्थागत प्रक्रियालाई मजबुत बनाउने पनि हो। यस सन्दर्भमा बालेन्द्र शाह को नेतृत्वले कस्तो कार्यशैली अपनाउँछ भन्ने कुराले आगामी राजनीतिक स्थायित्व निर्धारण गर्नेछ।

हालसम्म देखिएका संकेतहरू मिश्रित छन्। एकातिर, भ्रष्टाचार नियन्त्रण, सेवा प्रवाह सुधार र प्रशासनिक कडाइको सन्देश सकारात्मक मानिएको छ। अर्कोतिर, अनुभवको अभाव, राजनीतिक दलहरूसँगको सम्बन्ध र संघीय संरचनामा काम गर्ने क्षमतामाथि प्रश्न उठ्न थालेका छन्। विशेषतः पुराना दलहरूसँगको टकरावले नीति निर्माणमा अवरोध सिर्जना गर्ने सम्भावना पनि उत्तिकै छ।

यसबीच, नेपाल को वर्तमान चुनौतीहरू–आर्थिक सुस्तता, बेरोजगारी, वैदेशिक निर्भरता र सुशासनको अभाव–समाधान गर्न दीर्घकालीन दृष्टिकोण आवश्यक छ। केवल लोकप्रिय निर्णय वा तात्कालिक 'एक्सन'ले मात्र यी समस्याहरू समाधान हुँदैनन्।

अब आवश्यक छ–स्पष्ट रोडम्याप। सरकारको प्राथमिकता के हो? आर्थिक सुधार कि प्रशासनिक सुधार? संघीयता सुदृढीकरण कि संरचनात्मक पुनर्संरचना? जनताले यी प्रश्नहरूको स्पष्ट उत्तर खोजिरहेका छन्।

# ओली-लेखक गिरफ्तारी र बालेनको परीक्षा



शनिबार झिसमिसेमै पूर्व प्रधानमन्त्री एवम् नेकपा (एमाले)का अध्यक्ष केपी ओली र पूर्व गृहमन्त्री एवम् नेपाली कांग्रेसका नेता रमेश लेखक गिरफ्तार भएका छन् ।

भदौ २३ र २४ को जेनजी प्रदर्शन तथा आगजनीको छानबिन गर्न गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने बालेन शाह मन्त्री परिषदको पहिलो बैठकको निर्णयसँगै, गृहमन्त्रालय र प्रहरी कार्यालयको आदेशमा उनीहरू गिरफ्तार भएका हुन् ।

यो गिरफ्तारीलाई एमाले पंक्तिले प्रतिशोधपूर्ण भन्दै विरुद्धमा आन्दोलन आव्हान गरेको छ भने सरकार पक्षले न्यायको सुरुवात भनेको छ । कार्की आयोगको प्रतिवेदनलाई सरकारका तर्फबाट औपचारिक सार्वजनिक नगरी तथा ओली र लेखक भागिहाल्ने वा उनीहरूले प्रमाण नष्ट गर्ने सम्भावना नभए पनि किन गिरफ्तार नै गर्नुपर्‍यो भन्ने प्रश्न त छँदैछ, यसले राजनीतिक मुठभेड निम्त्याउन सक्ने चिन्ता समेत कयौं पक्षले व्यक्त गरेका छन् ।

यो अवस्था आउनुको मुख्य दोषी भने केपी ओलीहरू नै हुन् । एमाले-कांग्रेस सम्मिलित भएर दुईतिहाईको सरकार चलाउँदा आम जनता नै निराश हुने गरी उनीहरूले जेजस्तो मनोमानी गरे, यो यसकै परिणाम हो । सहकारी प्रकरणमा पनि आफ्नाहरूलाई बचाएर रवि लामिछानेलाई मात्रै फसाउने गरी संगठित अपराधसम्मको मुद्दा रातारात तयारी गरियो, त्यो राजनीतिक प्रतिशोध नै थियो।

अझ आठ वर्षअघि झण्डै दुई तिहाइको वामपन्थी सरकारसँग आम मानिसको जुन अपेक्षा थियो, ओली र पुष्पकमल दाहाल प्रचण्डले त्यस अपेक्षाको चिरहरण गरिदिंदा आजको आधार बनेको हो । आलोपालो र भागबण्डाकै व्यक्तिगत स्वार्थले त्यो सरकार विघटन भयो ।

आफ्नै नेता तथा करिब पाँच दशकसम्म सहकार्य गरेका माधवकुमार नेपालको नाम लिनुपर्दा पनि ओलीले कुल्ला गर्नुपर्छ भन्थे । आफूसँग सामान्य असहमति राख्ने वा प्रश्न उठाउनेहरूलाई समेत छानीछानी पार्टीबाट बाहिर निकाले ।

आफूलाई अध्यक्ष र प्रधानमन्त्री बनाउन साथ दिएका संकटकालीन सहयात्री विद्या भण्डारीको सदस्यता समेत इन्कार गरे । कम्युनिस्टलाई आवरण बनाएर केपी ओली र प्रचण्डले वर्षौं आफ्नो, परिवार र आसेपासेको स्वार्थसिद्ध गरेको जगजाहेर नै छ। अहिले केपी ओली संकटमा परेका छन् । अति गरेपछि क्षति भएको छ ।

अर्कोतर्फ, पुस्पकमल दाहाल, उनका परिवार तथा आसेपासेको अकुत सम्पत्तिका विषयमा पनि अनुसन्धानको सम्भावना बढ्दो छ । उनीहरूमाथि भएको र हुने कार्वाहीमा आमनागरिकमा भने सहानुभूति देखिदैंन ।

तर राज्य जिम्मेवार निकाय भएकाले आवश्यक कारबाही गर्दा कसैमा पनि प्रतिशोधको आभास नआउने गरी निष्पक्ष र कानुनी प्रक्रिया आधारित भने अनिवार्य हुनुपर्छ । मल्लिक, रायमाझी वा लाल आयोग जस्ता विगत आयोगका प्रतिवेदनहरू दराजमा थन्क्याइँदा कार्की आयोगको प्रतिवेदन कार्यान्वयन सुरु हुनु आफैंमा सकारात्मक थालनी हो तर यसका अपूर्णताप्रति, खासगरी भदौ २४ गतेको आगजनीकर्तामाथिको खोज, अनुसन्धान र कार्वाही पनि उत्तिकै तदारुकतापूर्वक हुनुपर्छ ।

त्यसो त राष्ट्रिय स्वतन्त्र पार्टी र बालेन शाह प्रधानमन्त्रीत्वको असाधारण जनअनुमोदनले नेपालको राजनीतिले फेरि अर्को मोड लिएको छ । लामो समयदेखि विचार, संगठन र जनमतबाट प्रभुत्व जमाउँदै आएका परम्परागत दलहरू आज आफ्नै असफलताका कारण अस्तित्व रक्षामा छटपटाइरहेका छन् । २०७४ को वाम जनादेश अंकगणितीय विजय मात्रै थिएन, ठूलो विश्वासको अभिव्यक्ति थियो । त्यो विश्वासलाई रूपान्तरण गर्न नसक्नु नै आज पैदा भएको राजनीतिक अवस्थाको केन्द्रीय कारण हो ।

यही पृष्ठभूमिमा रास्वपा र बालेनको विजयलाई व्यक्तिगत सफलता मात्रै मान्नु भुल हुनेछ । उनीहरूको यो सफलता नागरिक असन्तुष्टिको र राजनीतिक अभिव्यक्ति हो । जनता अब भाषण होइन, परिणाम खोजिरहेका छन् । आश्वासन होइन, कामको प्रमाण मागिरहेका छन् । रास्वपा र बालेनप्रति देखिएको समर्थन यही बदलिएको चेतनाको संकेत हो ।

यस ऐतिहासिक विजयका लागि रास्वपा र बालेनलाई हार्दिक बधाई । तर, यो बधाईसँगै एउटा गम्भीर प्रश्न पनि जोडिएको छ, अब के रु इतिहासले बारम्बार देखाएको छ, व्यक्तिको उदयले मात्र प्रणाली बदलिँदैन । परम्परागत र जकडिएको संरचना जस्ताको तस्तै रहँदा, सुशासन, सामाजिक न्याय एवम् समुदायगत विकास-समृद्धिको बलियो आधार स्थापित नहुँदा तथा भूराजनीतिक टकरावहरूमा कुटनीतिक कौशल राख्न नसक्दा, आशा सजिलै निराशामा रूपान्तरित हुन सक्छ ।

आजको चुनौती स्पष्ट छ । प्रशासनिक जडता, बिचौलिया संस्कार र नीतिगत अस्थिरता । यी समस्याहरू व्यक्तिले होइन, संस्थागत सुधारले मात्र समाधान गर्न सक्छ । नवनियुक्त प्रधानमन्त्री बालेनको नेतृत्वले यी संरचनात्मक बाधाहरूलाई चिर्न सक्यो भने मात्रै यो विजय दीर्घकालीन परिवर्तनको आधार बन्नेछ ।

रास्वपा र बालेन जस्ता नयाँ शक्तिहरू स्वयंका लागि पनि यो चेतावनी हो । वैकल्पिक शक्ति हुनु भनेको पुरानालाई अस्वीकार गर्नु मात्रै पनि होइन, आफूलाई प्रमाणित गर्नु हो । पारदर्शिता, नैतिकता र नीतिगत स्पष्टता बिना कुनै पनि नयाँ शक्ति पुरानै रोगको नयाँ संस्करण मात्र बन्न सक्छ ।

नेपाली राजनीतिमा आजको मूल समस्या व्यक्ति होइन, संस्कार हो । व्यक्तिहरू त कहिले देवत्वकरण भएका छन्, कहिले दानवीकरण । यसकै कारण हो, यति छिटै संघीय लोकतन्त्र कमजोर भएको हो । यसका मुख्य संचालकहरूको यो हविगत भएको हो । त्यसैले तथ्यमा आधारित मूल्यांकन, स्वस्थ प्रतिस्पर्धा र सहकार्यको संस्कृतिका पक्षमा बालेन सरकारले जति गर्न सक्छ, त्यसले नै उनको व्यक्तित्व र नयाँ शक्तिको सान्दर्भिकता सिद्ध गर्नेछ ।

विश्व बदलिँदै छ । प्रविधि, सूचना र युवा आकांक्षाले राजनीति पुनः परिभाषित भइरहेका छन् । नेतृत्वले सत्ता मात्रै चलाउने कि प्रणाली सुधार्ने क्षमता देखाउने रु वास्तवमै देश बनाउने संकल्प लिएको हो भने बालेन नेतृत्वले क्षमता स्थापित गर्न सक्नुपर्छ ।

त्यसो भए मात्र रास्वपा र बालेनको यो विजयलाई आरम्भ मान्न सकिन्छ । आशा जन्मिएको छ तर त्यसलाई संस्थागत रूप दिन बाँकी छ । यो अवसर खेर गयो भने इतिहास फेरि दोहोरिन सक्छ। सही दिशामा रूपान्तरण गरियो भने नेपालको राजनीतिमा नयाँ अध्याय लेखिन सक्छ

रास्वपा, बालेन र बालेन सरकारको परीक्षा सुरु भइसकेको छ। ओली-लेखकको गिरफ्तारी अन्ततः राजनीतिक प्रतिशोध सावित भइदियो भने बालेन सरकारले पनि ठूलो मूल्य चुकाउनुपर्ने छ ।

लागु पदार्थको सेवनबाट आफु पनि बचौ र अरुलाई पनी बचाऔ

लागू पदार्थको सेवनबाट हुने शारीरिक असर:-
एच. आई.भि. / एड्स,हेपाटाईटिस तथा यौनजन्य रोगहरु संक्रमण हुने,तौल घट्ने, शरीर दुव्लाउने, खानामा रुचि नहुने,ओभरडोज भएर मृत्यु समेत हुने ।





मानसिक असर:-
एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन,सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने,नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।



पारिवारिक तथा सामाजिक असर: -
पारिवारिक असमझदारीबढ्ने, घरको सामानहरु चोरी हुने, दैनिक झगडा गर्ने,सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढ्ने,अनैतिक कार्यमा संलग्न हुने भएकोले आजैदेखी लागूपदार्थको कुलत त्यागौ ।

लागूऔषध बिरुद्धको अभियान सम्बृद्ध र सभ्य समाजको निर्माणमा लागौ ।

माधवनारायण नगरपालिका, रौतहट
माधोपुर मधेश प्रदेश, नेपाल

सर्पको टोकाईबाट बच्न अपनाउनुपर्ने उपायहरु :



- घर अगाडिका झाडी,कसमल काटेर सफा गरौं
- घरका भित्तामा भएका प्वाल टाल्ने र मुसा छिर्ने दुलोहरु पुर्ने गरौं
- झ्याल र ढोकामा जाली लगाउने
- खेतबारीमा काम गर्दा पुरा बाहुलाको कपडा र खुट्टामा छालाको बुट लगाऔं
- रातिमा हिड्डुल गर्दा लाइट बालेर हिंड्ने गरौं
- भुईंमा नसुतौं , खाटमाथि सुतौं र झुल लगाउने गरौं

सर्पले टोकेमा ध्यान दिनुपर्ने कुराहरु :
- सर्पले टोकेमा धामी, झाँक्रीको खोजीमा समय बरबाद नगरौं, तुरुन्त अस्पताल वा सर्प दंशको उपचार केन्द्रमा लैजाऔं
- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन् सान्त्वना दिने गरौं
- सर्पले टोकेको व्यक्तिलाई केही पनि खान नदिने र निदाउन दिन हुँदैन
- शरीरमा भएको घडी, चुरा, औंठी, पाउजु, पेटी खोली दिऔं
- सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतह भन्दा तल पार्न लगाऔं
- सर्पले (टोकेको भागलाई डोरी वा ट्युबले अत्यधिक कसेर नबाँधौं) टोकेको ठाउँ छोप्न सफा, सुख्खा पट्टीले बलियो गरी बेर्ने र सो पट्टी नहल्लियोस् भनेर अर्को पट्टीले कस्ने गरौं
- सर्पले टोकेको भागलाई हलचल गराउन र हिंड्न नदिऔं
- सवारी साधनमा लैजाँदा घाइतेलाई बसालेर लैजाऔं

यमुनामाई गाउपालिका रौतहट
मधेश प्रदेश, नेपाल

बृन्दावन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बिश्रामपुर, रौतहट
(मधेश प्रदेश, नेपाल)

**सेवा करारमा कर्मचारी र नगर प्रहरी पदपुर्ति गर्ने सम्बन्धी सूचना !**
**(प्रथम पटक प्रकाशित मिति २०८२।१२।१६)**

यस नगर कार्यपालिकाको कार्यालय अन्तर्गत विभिन्न पदमा जनशक्ति व्यवस्थापन गर्नुपर्ने भएकोले यस नगरपालिकाको संस्थागत विकास सेवा प्रवाह समितिको सिफारिस तथा नगर कार्यपालिकाको मिति २०८२।१२।०१ गतेको निर्णयानुसार चालू आ.व. २०८२।०८३ को २०८३ आषाढ मसान्त सम्मका लागि देहायका कर्मचारीहरू सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेको नेपाली नागरिकहरू रू. १००। –(अक्षरेपी एक सय रुपैया मात्र) तिरी यस कार्यालयको राजश्व शाखाबाट दरखास्त फाराम प्राप्त गरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको प्रशासन शाखामा दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**सूचना प्रविधि अधिकृत सातौं तह**

| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०१/०८२-०८३ | ७ | सूचना प्रविधि अधिकृत | १ (एक) | रू. १०००।- |

**विज्ञापन नं. ०१/०८२-०८३ को लागि न्यूनतम योग्यता**:- लोक सेवा आयोगले लिने "कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा Computer वा Information & Communication Technologies वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक ( BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc. IT, BSc. CSIT) उत्तिर्ण गरेको उपाधिलाई आधार मानिनेछ । साथै शैक्षिक योग्यताको प्रमाण पत्रहरू नेपाल बाहिरबाट शिक्षा हासिल गरेकाहरूको हकमा सो प्रमाण पत्रहरूको नेपालको विश्वविद्यालयबाट Equivalence गरिएको प्रमाण पत्र ।
**उमेर हद**: दरखास्त पेश गर्ने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
**छनौटको किसिम**:- प्रारम्भिक योग्ताको सूची प्रकाशन, लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।
**नोट**:- अनुभवीलाई विशेष ग्राह्याता दिइनेछ ।

**कृषि अधिकृत सातौं**

| क्र.सं. | विज्ञपान नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| २. | ०२/०८२-०८३ | ७ | कृषि अधिकृत सातौं | १ (एक) | रू. १०००।- |

**विज्ञापन नं. ०२/०८२-०८३ को लागि न्यूनतम योग्यता**:-लोक सेवा आयोगले लिने "कृषि अधिकृत सातौं पदको न्युनतम योग्यता वा मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण भएको र परिषद्मा दर्ता भएको । कृषि स्नातक तहको कम्तीमा १ वर्षको अनुभव भएकोलाई विशेष ग्राह्यता दिइनेछ ।
उमेरको हदः- दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**छनौटको किसिम**:- प्रारम्भिक योग्ताको सूची प्रकाशन, लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।

**प्राविधिक सहायक पाँचौ (कृषि तर्फ)**

| क्र.सं. | विज्ञपान नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| ३. | ०३/०८२-०८३ | ५ | प्राविधिक सहायक | २ (दुई) | रू. ८००।- |

**विज्ञापन नं. ०२/०८२-०८३ को लागि न्यूनतम योग्यता**:- लोक सेवा आयोगले लिने प्राविधिक सहायक पाँचौ पदको न्युनतम योग्यता वा मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा कम्तिम प्रविणता प्रमाण पत्र तह उत्तीर्ण भएको ।
उमेरको हदः- दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**छनौटको किसिम**:- प्रारम्भिक योग्ताको सूची प्रकाशन, लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।

**नायब प्राविधिक सहायक चौथो**

| क्र.सं. | विज्ञपान नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| ४. | ०४/०८२-०८३ | ४ | नायब प्राविधिक सहायक | १ (एक) | रू. ६००।- |

**विज्ञापन नं. ०२ /०८२-०८३ को लागि न्यूनतम योग्यता**:- लोक सेवा आयोगले लिने नायब प्राविधिक सहायक चौथो पदको न्युनतम योग्यता वा मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट कृषि विषयमSEE वा सो सरह उत्तीर्ण भएको ।
उमेरको हदः- दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।
**छनौटको किसिम**:- प्रारम्भिक योग्ताको सूची प्रकाशन, लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।

**मनोसामाजिक परामर्शकर्ता सहायक पाचौं**

| क्र.सं. | विज्ञपन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| ५. | ०२/०८२-०८३ | ५ | मनोसमाजिक परामर्शकर्ता | १ (एक) | रू. ६००।- |

**विज्ञापन नं. ०२/०८२-०८३ को लागि न्यूनतम योग्यता**:-

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/सोसिएल वर्कमा स्नातक तह /स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र प्राप्त गरेको र सोही क्षेत्रमा काम गरेको अनुभवी तथा महिला उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, Power Point, Email/Internet आदि भएको) देवनागरी लिपि र अंग्रेजी दुबै भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।
- SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमाः कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी सो केन्द्रबाट प्रमाण-पत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सुचिकृत भएको ।

**उमेरको हद**:- दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**छनौटको किसिम**:- प्रारम्भिक योग्ताको सूची प्रकाशन, लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।
**नोट**:- अनुभवीलाई विशेष ग्राह्याता दिइनेछ ।

**MIS Operator सहायक पाँचौं**

| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| ६. | ०३/०८२-०८३ | ५ | MIS Operator | १ (एक) | रू. ८००।- |

**विज्ञापन नं. ०३/०८२-०८३ को लागि न्यूनतम योग्यता**:-नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्युटर विषय लिई उत्तिर्ण गरेको वा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरी कम्तिमा ६ महिना कम्प्युटर सम्बन्धी तालिम (MS-Office Package:- Word, Excell, Access, Power Point) प्राप्त गरेको साथै E-mail, Internet, Web browsing को ज्ञान भएको ।
**उमेरको हद**:- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**छनौटको किसिम**:- प्रारम्भिक योग्ताको सूची प्रकाशन, लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।
**नोट**:- अनुभवीलाई विशेष ग्राह्याता दिइनेछ ।

**पोषण सहजकर्ता सहायक चौथो**

| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| ७. | ०४/०८२-०८३ | ४ | पोषण सहजकर्ता | १ (एक) | रू. ६००।- |

**विज्ञापन नं. ०४/०८२-०८३ को लागि न्यूनतम योग्यता**:-नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा SEE वा सो सरह उत्तिर्ण गरी कम्तिमा ३ महिना कम्प्युटर सम्बन्धी तालिम (MS-Office Package:- Word, Excell, Access, Power Point) प्राप्त गरेको साथै E-mail, Internet, Web browsing को ज्ञान भएको ।
**उमेरको हद**:- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**छनौटको किसिम**:- प्रारम्भिक योग्ताको सूची प्रकाशन, लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।
**नोट**:- अनुभवीलाई विशेष ग्राह्याता दिइनेछ ।

**लघु उद्यम विकास सहजकर्ता**

| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| ८. | ०५/०८२-०८३ | चौथो | लघु उद्यम विकास सहजकर्ता | १ (एक) | रू. ६००।- |

**विज्ञापन नं. १०/०८२-०८३ को लागि न्यूनतम योग्यता**:- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा SEE वा सो सरह उत्तिर्ण गरी कम्तिमा ३ महिना कम्प्युटर सम्बन्धी तालिम (MS-Office Package:- Word, Excell, Access, Power Point) प्राप्त गरेको साथै E-mail, Internet, Web browsing को ज्ञान भएको ।
**उमेरको हद**:- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**छनौटको किसिम**:- प्रारम्भिक योग्ताको सूची प्रकाशन, लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।
**नोट**:- अनुभवीलाई विशेष ग्राह्याता दिइनेछ ।

**नगर प्रहरी**

| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| ९. | ०६/०८२-०८३ | ५ | नगर प्रहरी सहायक निरीक्षक (सहायक पाँचौ) | १ (एक) | रू. ८००।- |
| १०. | ०७/०८२-०८३ | ४ | नगर प्रहरी हवल्दार (सहायक चौथो) | ३ (एक) | रू. ६००।- |
| ११. | ०८/०८२-०८३ | ४ | नगर प्रहरी हवल्दार (सहायक चौथो) (महिला) | १ (एक) | रू. ६००।- |
| १२. | ०९/०८२-०८३ | - | नगर प्रहरी जवान | ९ (नौ) | रू. ५००।- |
| १३. | १०/०८२-०८३ | - | नगर प्रहरी जवान (महिला) | १ (एक) | रू. ५००।- |

**योग्यता**:- **नगर प्रहरी सहायक निरीक्षक पदका लागि**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०+२ वा सो सरह उत्तिर्ण गरेको ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**नगर प्रहरी हवल्दार पदका लागि**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा SEE वा सो सरह उत्तिर्ण गरेको ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**नगर प्रहरी जवान पदका लागि**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ कक्षा उत्तिर्ण गरेको ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई २४ वर्ष ननाघेको ।
- महिलाको हकमा दरखास्त दिने अन्तिम मिति १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको ।

**नगर प्रहरी सबै पदको लागि आवश्यक न्यूनतम थप योग्यता**

- पुरुषको हकमा घटिमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटिमा उचाई ५ फिट, तौल ४० के.जी. भएको ।
- आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको र आँखा जाँचको सक्कल प्रमाण पत्र ।

**परिक्षाको किसिम**:- शारीरिक परीक्षण, लिखित र अन्तर्वार्ता
**नोट**:- सुरक्षा निकायका विभिन्न पदमा कार्यरत रही निवृतीभरण वा उपदान प्राप्त पूर्व सुरक्षाकर्मीहरू तथा पुर्व वन रक्षकहरूलाई (भू.पू सुरक्षाकर्मी) विशेष ग्राह्याता दिइनेछ । (गर्भवती नरहेको/नभएको)

**सवारी चालक**

| क्र.सं. | विज्ञापन नं. | तह | पद | माग पद संख्या | दस्तुर |
|---|---|---|---|---|---|
| १४. | ११/०८२-०८३ | श्रेणी विहिन | ब्याकहो लोडर | १ (एक) | रू. ५००।- |
| १५. | १२/०८२-०८३ | श्रेणी विहिन | हेवी सवारी चालक | १ (एक) | रू. ५००।- |
| १६. | १३/०८२-०८३ | श्रेणी विहिन | हलुका सवारी चालक | ११ (एघार) | रू. ५००।- |
| १७. | १४/०८२-०८३ | श्रेणी विहिन | ट्याक्टर ड्राइभर | ४ (चार) | रू. ५००।- |

**विज्ञापन नं. ११/०८२-०८३ को लागि न्यूनतम योग्यता**:-नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा पाँच कक्षा उत्तिर्ण गरी ब्याकहो लोडर सवारी चालक अनुमति पत्र प्राप्त गरेको ।
**विज्ञापन नं. १२/०८२-०८३ को लागि न्यूनतम योग्यता**:-नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा पाँच कक्षा उत्तिर्ण गरी हेवी सवारी चालक अनुमति पत्र प्राप्त गरेको ।
**विज्ञापन नं. १३/०८२-०८३ को लागि न्यूनतम योग्यता**:-नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा पाँच कक्षा उत्तिर्ण गरी हलुका सवारी चालक अनुमति पत्र प्राप्त गरेको ।
**विज्ञापन नं. १४/०८२-०८३ को लागि न्यूनतम योग्यता**:-नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा पाँच कक्षा उत्तिर्ण गरी ट्याक्टर सवारी चालक अनुमति पत्र प्राप्त गरेको ।
**उमेरको हद**:- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
**परीक्षाको किसिम**:- प्रयोगात्मक र अन्तर्वार्ता ।

**सम्पूर्ण विज्ञापनमा चाहिने आवश्यक न्यूनतम कागजातहरूः-**

१. नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि ।
२. न्यूनतम योग्यताको मार्कसिटको प्रतिलिपि ।
३. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।
४. हालसालै खिचेको दुबै कान देखिने फोटो ३ प्रति ।
५. अनुभव भए सोको प्रमाणपत्र प्रतिलिपि ।
६. विज्ञापन बमोजिमका शुल्क तिरेको नगदी रसिद ।
७. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।
८. पारिश्रमिक तथा सुविधाः- नगर कार्यपालिकाको निर्णयानुसार ।
९. दरखास्त दिने अन्तिम मितिः- २०८२।१२।३० गते सम्म (दरखास्त दिने अन्तिम दिन कुनै सार्वजनिक विदा हुन गएमा सोको भोली पल कार्यालय समय सम्म ।
१०. दाबी नपगुनेः करार अवधिमा काम गरेको आधारमा पछि कुनै पनि किसिमको पदमा स्थायी वा अस्थायी नियुक्ति हुनका लागि दाबी ग पाइने छैन ।
११. पाठ्यक्रमः- कार्यविधि अनुसार पाठ्यक्रम तोकिएका पदहरू बाहेक अन्य पदहरूको पाठ्यक्रम लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।
१२. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारह सम्बन्धित निकायबाट आफुँले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्छ ।
१३. लोक सेवा आयोगको परीक्षामा उत्तीर्ण गरी वैकल्पिक/अस्थायी योग्यताक्रममा परेकालाई विशेष ग्राह्याता दिइनेछ ।
१४. यस नगरपालिकामा चालु आ.व. का दैनिकी ज्यालादारीमा कार्यरत कर्मचारी तथा सम्बन्धित पदमा अनुभव प्रमाण-पत्र प्राप्त गरेकोला विशेष ग्रह्यता दिइनेछ ।
१५. सूचनामा उल्लेख नभएका अन्य कुराहरू नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**प्रमख प्रशासकीय अधिकत**

# सातै प्रदेशमा 'ब्लु बस' : 'द्रुत बस'को नियति दोहोरिएला कि होला सुधार ?

**काठमान्डौ, चैत १५ ॥** नेपालको सार्वजनिक यातायात प्रणालीलाई सुरक्षित र लैंगिकमैत्री बनाउने उद्देश्यका साथ सरकारले सातै प्रदेशमा 'ब्लु बस' सञ्चालन गर्ने महत्त्वाकांक्षी योजना अघि सारेको छ ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको 'शासकीय सुधारका लागि एक सय कार्यसूची' को ९७ नम्बर बुँदामा महिलाहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न सातै प्रदेशमा ब्लु बस सञ्चालन गर्ने उल्लेख छ ।

सरकारको लक्ष्य अनुसार, आगामी १०० दिनभित्र पहिलो चरणमा कम्तीमा २५ वटा यस्ता बसहरू सडकमा गुड्ने छन् । यो घोषणाले एकातिर उत्साह जगाएको छ भने अर्कोतिर यसको दिगोपन र कार्यान्वयन चुनौतीपूर्ण रहेको सरोकारवाला बताउँछन् ।



**चितवनको 'ब्लु बस' : जग बसाल्ने प्रयास**

राष्ट्रिय स्तरमा ब्लु बसको अवधारणा ल्याउनुअघि नै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले चितवनमा यसको प्रयोग सुरु गरिसकेको थियो । चितवनमा सञ्चालित यो सेवा हाल स्थगित छ ।

रास्वपा चितवनका जिल्ला सभापति कृष्णप्रसाद भुसालका अनुसार चितवनको कालिका नगरपालिकास्थित शक्तिखोरदेखि भरतपुरसम्म चल्ने यो बस सेवा प्राविधिक र कानुनी कारणले केही समयका लागि थाँती राखिएको छ ।

'हामीले करिब चार वर्षदेखि यो सेवा दिइरहेका थियौँ। बसको इन्जिनमा केही समस्या देखिएर मर्मतमा राखेका थियौँ, लगत्तै निर्वाचन आचारसंहिता लागु भएकाले पार्टीको नाममा निःशुल्क सेवा चलाउन नमिलेर रोकिएको हो,' भुसालले भने ।

शक्तिखोर (कालिका नगरपालिका) देखि भरतपुरसम्म चल्ने यो बस विशेषगरी महिलाहरूका लागि लक्षित गरिएको थियो । तर, यसले अन्य समुदायलाई पनि उत्तिकै सेवा दिइरहेको थियो । 'हाम्रो प्राथमिकता महिलाहरू हुन्, तर बसमा वृद्धवृद्धा, बालबालिका, अस्पताल जाने बिरामी र सुत्केरीहरूलाई पनि निःशुल्क सेवा दिइरहेका थियौँ,' भुसालले बताए । यो पूर्णतः निःशुल्क सेवा भएकाले चितवनका ग्रामीण भेगका जनतालाई भरतपुरसम्मको यात्रामा ठुलो राहत मिलेको थियो ।

हालै सरकारले आफ्नो कार्यसूचीमा प्रत्येक प्रदेशमा एउटा 'ब्लु बस' सञ्चालन गर्ने योजना ल्याएको छ । यस विषयमा भुसालले भने, 'सरकारले सातै प्रदेशमा ब्लु बस चलाउने भनेको छ ।

अब बागमती प्रदेशमा यसैलाई निरन्तरता दिने वा अर्को नयाँ बस सञ्चालन गर्ने भन्ने विषयमा छलफल भइरहेको छ। चितवनमा भने यो सेवाको आवश्यकता र महत्त्व अझै पनि उत्तिकै छ ।'

चितवनमा यो बस पूर्णतः पार्टीका नेता र कार्यकर्ताहरूको व्यक्तिगत आर्थिक योगदानबाट सञ्चालन भइरहेको थियो, जसमा स्थानीय सरकारको कुनै लगानी थिएन । मासिक १ देखि डेढ लाख रुपैयाँसम्म सञ्चालन खर्च हुने यो बसमा महिला, वृद्धवृद्धा, बिरामी र सुत्केरीहरूले निःशुल्क यात्रा गर्दै आएका थिए । सभापति भुसालका अनुसार सरकारले नै अब यो अवधारणालाई प्रदेशस्तरमा लैजाने भएपछि यसलाई थप व्यवस्थित र संस्थागत बनाउन बाटो खुल्नेछ ।

यातायातको प्रणाली सुधारको सुरुवात यातायात विज्ञ एवं सांसद आशिष गजुरेल सार्वजनिक यातायातको प्रणालीमा व्यापक सुधार नगरी देशको विकास सम्भव नभएको तर्क गर्छन् । उनी सरकारले सञ्चालन गर्ने ब्लु बसलाई सुधारिएको सार्वजनिक यातायातको एउटा राम्रो नमुनाका रूपमा व्याख्या गर्छन् ।

'भारतको नयाँ दिल्ली लगायत विश्वका धेरै विकसित मुलुकमा महिला सुरक्षा र सहभागिता बढाउन सार्वजनिक यातायातमा विशेष सहुलियत वा निःशुल्क सेवा दिने अभ्यास छ,' गजुरेल भन्छन्, 'महिलाहरूको सुरक्षित आवागमन सुनिश्चित हुँदा मात्र उनीहरूको आर्थिक गतिविधि र रोजगारीमा सहभागिता बढ्छ । धेरै देशले त सार्वजनिक यातायातलाई पूर्णतः निःशुल्क बनाएर सडक जाम घटाउने र आर्थिक विकासलाई टेवा पुऱ्याउने काम गरिरहेका छन् ।'

तर, गजुरेलले सरकारको कार्यशैली र भौतिक पूर्वाधार मन्त्रालयको दृष्टिकोणप्रति भने तीव्र असन्तुष्टि व्यक्त गरेका छन् । काठमाडौं उपत्यकामा सुरु गरिएको 'द्रुत बस सेवा' को असफलतालाई उनी 'नियतवश गराइएको असफलता' को संज्ञा दिन्छन् । उनले भने, 'द्रुत बस असफल हुने चिज नै थिएन, तर नेतृत्वको इच्छाशक्ति नहुँदा त्यसलाई असफल बनाइयो । चुनावका बेला माहोल बनाउन हतारमा ल्याइयो र पछि कसैले यसको जिम्मेवारी लिएनन् ।'

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ध्यान केवल सडक खन्ने र ठेक्कापट्टा लगाउनेमा मात्र केन्द्रित भएको र यातायात प्रणाली व्यवस्थित बनाउनेतर्फ गम्भीरता नदेखिएको उनको आरोप छ ।

**कार्यान्वयन गर्न सके सकारात्मक छ ब्लु बस: यातायात व्यवसायी**

सरकारको यो योजना सुन्दा जति आकर्षक छ, यसको कार्यान्वयन त्यति नै चुनौतीपूर्ण रहेको यातायात व्यवसायीको दाबी छ। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका कार्यबाहक अध्यक्ष सरोज सिटौलाले सातै प्रदेशमा महिला, गर्भवती र ज्येष्ठ नागरिकलाई निःशुल्क वा सहुलियतपूर्ण सेवा दिने गरी सञ्चालन सकारात्मक भएको तर, कार्यान्वयन चुनौतीपूर्ण रहेको बताए ।

सिटौलाका अनुसार यसअघि पनि सरकारले विभिन्न आकर्षक नाममा यस्ता सेवा सुरु गरे पनि ती सबै अल्पायुमै हराएका थिए । 'यसअघि द्रुत बस, रात्रिकालीन बस र महिलाका लागि मात्रै चल्ने बस सेवाहरू तामझामका साथ सुरु गरिएका थिए, तर ती लामो समय टिक्न सकेनन्,' उनले भने, 'राज्यले पूर्वाधार निर्माण र प्रभावकारी अनुगमनमा ध्यान नदिँदा यस्ता योजनाहरू केही दिन मिडियाको हेडलाइन मात्र बन्ने गरेका छन् ।'

सिटौलाले कुनै पनि योजना ल्याउनुअघि त्यसको दिगोपन, इन्धन वा ऊर्जाको स्रोत र ट्राफिक व्यवस्थापनमा ध्यान दिनुपर्ने सुझाव दिएका छन् । उनले थपे, 'केवल बस सडकमा उतारेर मात्र हुँदैन, त्यसलाई निरन्तरता दिने आर्थिक स्रोत र व्यवस्थापकीय संयन्त्र पनि उत्तिकै बलियो हुनुपर्छ ।'

विद्युतीय सवारी र दिगोपनको चुनौती विज्ञ सांसद गजुरेल र व्यवसायी सरोज सिटौला दुवैले सार्वजनिक यातायात अब विद्युतीय सवारीमा जानुपर्नेमा जोड दिएका छन् । इन्धनबाट चल्ने गाडीको सञ्चालन खर्च बढी हुने र वातावरणीय हिसाबले पनि उपयुक्त नहुने चितवनको ब्लु बसको अनुभवले समेत देखाएको छ । चितवनमा मासिक १.५ लाखसम्म खर्च हुनुको एउटा मुख्य कारण बस डिजेलबाट चल्नु पनि थियो ।

सरकारले आगामी १०० दिनभित्र सञ्चालनमा ल्याउने भनेका २५ वटा बसहरू विद्युतीय हुनुपर्ने र तिनका लागि आवश्यक चार्जिङ स्टेसन तथा 'प्रायोरिटी लेन' को व्यवस्था हुनुपर्ने सुझाव छ । यदि सरकारले पुरानै

बाँकी पेज नं. ३ मा

ढर्रामा केही बस मात्र थपेर प्रचारमुखी काम गऱ्यो भने यो योजना पनि विगतका असफल प्रयासहरूको सूचीमा थपिने जोखिम छ ।

निष्कर्षको : इच्छाशक्ति कि केवल प्रचार ?

सरकारको 'ब्लु बस' योजना महिला, गर्भवती र ज्येष्ठ नागरिकका लागि एउटा ठुलो राहतको विषय बन्न सक्छ । चितवनको रास्वपाको प्रयासले यो सेवाको माग र लोकप्रियतालाई पुष्टि गरिसकेको छ । तर, यातायात व्यवसायी सिटौलाले भनेझैँ अनुगमन र पूर्वाधारको अभाव तथा विज्ञ गजुरेलले भनेझैँ मन्त्रालयको ठेक्कापट्टा केन्द्रित सोचले यसलाई फेरि पनि अलपत्र पार्न सक्छ ।

सरकारले १०० दिनभित्र २५ बस सञ्चालन गर्ने बाचा पूरा गर्न केवल गाडी खरिद गरेर मात्र पुग्दैन । यसका लागि एउटा बलियो व्यवस्थापकीय बोर्ड, दिगो आर्थिक स्रोत र देशभरका मुख्य सडकहरूमा महिला सुरक्षाको प्रत्याभूति दिने संयन्त्रको निर्माण जरुरी छ ।

## पुर्वयोजना.................

अनुसार, इनिशा मृत फेला परेको स्थानदेखि केही उत्तरतर्फ करणी गर्न प्रयोग भएको जस्तो देखिने रगत जस्तो रातो पदार्थ लतपतिएको १ थान कण्डम थियो । यस्तै, सोही स्थानको केही उत्तरतर्फ जमिन मडारिएको करणी सम्बन्धि संघर्ष भएको जस्तो देखिने रगत जस्तो रातो पदार्थ थियो भने, आईएससो लेखेको तीन वटा कण्डम थियो भने १ पत्ता खोलेको अवस्थाको थियो। घटनास्थलमा बढी कण्डमका खोलहरू र प्रयोग गरिएका सामग्रीहरू फेला पर्नुले त्यहाँ एकभन्दा बढी व्यक्तिको संलग्नता रहेको निष्कर्षमा सरकारी वकिल छ। यस्तै, नाइक एसबी लेखेको लेडिज जुत्ता र सेतो मोजा फेला परेको थियो भने घटनास्थलको दक्षिण पूर्वतर्फ इनिशाको मोबाइल भेटिएको थियो। यस्तै, ती १६ वर्षे नाबालकको पछाडी बोक्ने झोला भित्र केक, लेडिजको ब्रा, १ दर्जन रातो चुरा, जेन्स टिसर्ट, डीआरजी लेखेको अगाडी भागमा रगत जस्तो पदार्थ लागेको जेन्स ट्राउजर पनि त्यहाँ फेला परेका थिए।इनिशाको सम्पूर्ण कपडा खोलि हेर्दा योनीबाट करणी गरेको जस्तो देखिने (रगत जस्तो रातो पदार्थ निस्केको) पेन्टी समेत रगतले भिजेको प्रहरीले घटनास्थलको मुचुल्का बनाएको थियो। सरकारी वकिलले सीआईबीबाट प्राप्त डिजिटल फरेन्सिक रिपोर्टलाई मुख्य आधार बनाएको छ। सीडिआर रिपोर्ट अनुसार, घटनाको समय र त्यो भन्दाअघि चारै जना अभियुक्तहरूबिच निरन्तर फोन सम्पर्क भएको उल्लेख छ। **घटनाको दिन बिहान ४-१० बजेसम्मको टाइमलाइन**

सीआईबीको प्रतिवेदन अनुसार, घटनाको दिन बिहान बिहान ४:३२ बजे नै प्रेमी भनिएका नाबालकले इनिशालाई लाई ह्वाट्सएपमा 'गुड मर्निङ मेरी मायालु' भनी मेसेज पठाएको देखिन्छ । त्यसपछि ती नाबालक बिहान ५:३७:३० बजे एक्लै झोला बोकेर मंगलतगढी चोकतिर पैदल हिँडिरहेको कर्णाली प्रदेश ट्राफिक प्रहरी कार्यालयको सीसीटीभी फुटेजमा देखिएको छ।

बिहान ६:०१ बजे ती नाबालकले इनिशालाई ह्वाट्सएपमा 'ओकी आईएम वईटिङ' भनेर मेसेज पठाएका छन् ।

-६:१८ देखि ४० मिनेटमा नाबालक र इनिशा दुबैजना स्वास्थ्य आपूर्ति व्यवस्थापन विभागको गेट नजिकै सँगै हिँडिरहेको सिसिटिभीबाट देखिएको छ । -६:२६ बजेतिर दुवैजना वीरेन्द्रनगर-४ स्थित जनजागरण सामुदायिक वनतर्फ जाँदै गरेको कर्णाली प्रदेश आयुर्वेद अस्पतालको सिसिटिभी फुटेजमा देखिएको ।

-८:२१:४४ बजे ती नाबालक किशोरलेले प्रयोग गर्ने मोबाइलबाट अर्का नाबालकको मोबाइलमा ७६ सेकेण्ड कुराकानी भएको, त्यस समय प्रेमी नाबालकको लोकेसन घटनास्थल नजिक र ती अर्का नाबालक 'वीरेन्द्रनगर ध' को लोकेसन आफ्नै घर नजिक देखिएको, ८:३४:२६ बजे 'वीरेन्द्रनगर ध' ले फोनमा कुरा गर्दै कतै जान लागेको र घरका मान्छेले 'कहाँ जान लागेको, किन जान लागेको' भन्ने सुनिएको ।

-९:०३ बजे 'वीरेन्द्रनगर ध' आफ्नो घरबाट स्कुटर लिएर निस्किएको देखिएको, ९:०७ बजे उनी एक्लै घटनास्थलतर्फ जाँदै गरेको आयुर्वेद अस्पतालको सिसिटिभीमा देखिएको ।

-९:१३ बजे प्रेमी नाबालक र 'वीरेन्द्रनगर ध'बीच मोबाइलमा पुनः सम्पर्क भएको र दुवैको टावर लोकेसन घटनास्थल क्षेत्रमा नै देखिएको ।

-९:०२ बजे प्रेमी नाबालकले अर्का नाबालक 'वीरेन्द्रनगर न' को मोबाइलमा ७९ सेकेण्ड कुराकानी भएको, ९:०७:०० बजे अर्का नाबालक 'वीरेन्द्रनगर फ' र 'वीरेन्द्रनगर न' सँगै घरबाट निस्किएको, ९:०७:४५ बजे उनीहरू दुवैजना उत्तरतर्फ दौडिरहेको सिसिटिभी फुटेजमा देखिएको ।

-९:११:०० बजे 'वीरेन्द्रनगर न' र 'वीरेन्द्रनगर ध' सँगै घटनास्थलतर्फ जाँदै गरेको आयुर्वेद अस्पतालको सिसिटिभी फुटेजमा देखिएको ।

सिसिटिभी फुटेज, मोबाइल फोनको कल डिटेल र लोकेसनका आधारमा उनीहरूबिच तालमेल मिलाएको आशङ्का सरकारी वकिल कार्यालयले गरेको छ। अर्को शव परीक्षण रिपोर्ट अनुसार, यती गम्भीर प्रकृतिको घटना एकजना

# प्रवेश तयारी कक्षा र ब्रिज कोर्स बन्द गर्ने सरकारको निर्णय

**काठमाडौं, चैत १५ ॥** सरकारले विद्यालय तहदेखि उच्च शिक्षासम्म भर्नालाई लक्षित गरी सञ्चालन हुँदै आएका प्रवेश परीक्षा तयारी कक्षा र ब्रिज कोर्स पूर्ण रूपमा बन्द गर्ने निर्णय गरेको छ।

आइतबार प्रेस विज्ञप्ति जारी गर्दै शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले यस्तो कार्यक्रमले विद्यार्थीको मनोविज्ञानमा नकारात्मक असर पार्ने हुँदा बन्द गर्ने निर्णय गरेको बताए।

मन्त्रालयले २०८२ चैत १३ गते मन्त्रीस्तरबाट निर्णय गर्दै २०८३ साल वैशाख १ गतेदेखि यस्ता सबै कार्यक्रम बन्द गर्न निर्देशन दिएको जनाएको छ।


यस्ता कक्षले शिक्षामा समतामूलक पहुँचमा बाधा पुग्ने र अभिभावकमाथि अनावश्यक आर्थिक बोझ थप्ने देखिएको निष्कर्षका आधारमा उक्त निर्णय लिएको मन्त्रालयले जनाएको छ।



मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा विद्यालय तहका विभिन्न कक्षा र उच्च शिक्षाका विभिन्न तहमा भर्ना प्रक्रियाअघि सञ्चालन गरिँदै आएका 'इन्ट्रान्स प्रिपरेशन' कक्षा र 'ब्रिज कोर्स' नामका कार्यक्रम पूर्ण रूपमा रोक्न सम्बन्धित सबै निकायलाई निर्देशन दिइएको उल्लेख छ।

साथै, मन्त्रालयले यस्ता कार्यक्रम सञ्चालन भए-नभएको अनुगमन गर्न र सञ्चालन गरेको पाइएमा प्रचलित कानुनअनुसार कारबाही अघि बढाउन जिल्ला प्रशासन कार्यालयहरूलाई पनि अनुरोध गरेको छ।


सर्पको टोकाईबाट बच्न अपनाउनुपर्ने उपायहरु :



- घर अगाडिका झाडी,कसमल काटेर सफा गरौं
- घरका भित्तामा भएका प्वाल टाल्ने र मुसा छिर्ने दुलोहरु पुर्ने गरौं
- झ्याल र ढोकामा जाली लगाउने
- खेतबारीमा काम गर्दा पुरा बाहुलाको कपडा र खुट्टामा छालाको बुट लगाऔं
- रातिमा हिडडुल गर्दा लाइट बालेर हिंड्ने गरौं
- भुईंमा नसुतौं , खाटमाथि सुतौं र झुल लगाउने गरौं

सर्पले टोकेमा ध्यान दिनुपर्ने कुराहरु :

- सर्पले टोकेमा धामी, झाँक्रीको खोजीमा समय बरबाद नगरौं, तुरुन्त अस्पताल वा सर्प दंशको उपचार केन्द्रमा लैजाऔं
- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन् सान्त्वना दिने गरौं
- सर्पले टोकेको व्यक्तिलाई केही पनि खान नदिने र निदाउन दिन हुँदैन
- शरीरमा भएको घडी, चुरा, औंठी, पाउजु, पेटी खोली दिऔं
- सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतह भन्दा तल पार्न लगाऔं
- सर्पले (टोकेको भागलाई डोरी वा ट्युबले अत्यधिक कसेर नबाँधौं) टोकेको ठाउँ छोप्न सफा, सुख्खा पट्टीले बलियो गरी बेर्ने र सो पट्टी नहल्लियोस् भनेर अर्को पट्टीले कस्ने गरौं
- सर्पले टोकेको भागलाई हलचल गराउन र हिंड्न नदिऔं
- सवारी साधनमा लैजाँदा घाइतेलाई बसालेर लैजाऔं

गुजरा नगपालिका,
सिम्राभवानपुर, रौतहट ,मधेश प्रदेश,